# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (४), संख्या ९, हुप्सेकोट, मंसिर २९ गते सोमबार, २०७७ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ को उपदफा (१ ) बमोजिम हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**साना कृषि मोडेल फर्म स्थापना (कोभिड-१९ का कारण विदेशबाट स्वदेश फर्केका युवाहरुका लागि लक्षित कार्यक्रम) कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७७**

# साना कृषि मोडेल फार्म स्थापना (कोभिड-१९ का कारण विदेशबाट स्वदेश फर्केका युवाहरुका लागि लक्षित कार्यक्रम) कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७७

**पृष्टभूमि-**

कोभिड १९ को कारण बैदेशिक रोजगारीमा गई भारत लागायत अन्य देशबाट फर्किएका युबाहरु बढी प्रभाबित भएकोले बैदेशिक रोजगारमा गएका युबाहरु फिर्ता भइसकेका छन् भने लकडाउन खुलेपछि अरु थप युबाहरु फर्किरहेको अबस्था भएकोले ति युवाहरुलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्नुपर्ने अबस्था छ ।अहिलेको अवस्थामा औधोगिक तथा सेवा क्षेत्रमा यति ठुलो समूहलाई रोजगारी सृजना हुने सम्भावना न्यून भएकोले कृषिक्षेत्र नै ग्रामिण रोजगारीको एक मात्र विकल्पको रुपमा रहेको छ ।यसबाट रोजगारी सृजना हुने मात्र हैन भबिष्यमा आउन सक्ने पोषण तथा खाद्य संकटको समस्यालाई पनि केहि हद सम्म समाधान गर्न यस कार्यक्रमले सहयोग गर्नेछ । यस कार्यक्रममा बैदेशिक रोजगारीबाट फर्किएका र ब्याबसायिक खेति गर्ने युवाहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले यो साना कृषि मोडेल फार्म स्थापना कार्यक्रम कार्यान्वन कार्यविधि तयार गरिएको छ । हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भै प्रमाणीकरण भएपछि तुरुन्त लागु गरिनेछ ।

## परिच्छेद-१
## परिभाषा

क."अनुदान" भन्नाले हुप्सेकोट गाउँपालिकाले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराइने प्रोत्सहान रकम र राहत रकम समेत लाई बुझाउछ ।

ख."अनुदानग्राही"भन्नाले कोभिड विशेष कृषि कार्यक्रम अनुदान प्राप्त गर्ने कृषक,उद्धमि,कृषि समुह,कृषि सहकारी,कृषि फर्महरू,कृषि कंपनी र कोभिड-१९ का कारण भारत लगायत अन्य देशबाट फर्किएका गाउँपालिका भित्रका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

ग."कृषि" भन्नाले खाद्यान्न,तरकारी,फलफुल,पुष्पखेति मसलाबाली,मौरीपालन, रेसमखेति, च्याउखेति आदिलाई सम्झनु पर्छ ।

घ. "कार्यालय" भन्नाले कार्यक्रम संचालन गर्ने हुप्सेकोट गाउँपालिका र मातहतका कृषि शाखालाई समेत सम्झिनु पर्दछ ।

ङ. "राहात" भन्नाले कोभिड प्रभावित कृषक परिवारलाई यस बिशेष कार्यक्रम अन्तरगत उपलब्ध गराइने राहत सुबिधालाई सम्झिनु पर्दछ ।

च. "लकडाउन" भन्नाले कोरोना भाईरस कोभिड-१९ को विश्वव्यापी माहामारीबाट सिर्जित बन्दाबन्दि लाई सम्झिनु पर्दछ ।

## परिच्छेद-२

## साना कृषि मोडेल फार्म स्थापना कार्यक्रमको उद्देश्य तथा समिति सम्बन्धि व्यवस्था

**१.उद्देश्य-** कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिमका रहेका छन् ।

क) कोरोना भाईरस कोभिड-१९ का कारण बैदेशिक रोजगारीबाट स्वदेश फर्केका युबाहरुलाई कृषि क्षेत्रको माध्यमबाट रोजगारी तथा आय आर्जन गर्न राहत रकम वा अनुदान उपलब्ध गराउने ।

ख)कृषकहरुलाई कृषि पेशाबाट पलायन हुने अबस्था रोकी कृषि क्षेत्रमा दिगोपना ल्याउने ।

**२.कोभिड बिशेष कृषि बिकाश कार्यक्रम** :-कोभिड बिशेष कृषि कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम संचालन गरिने छ ।

क) साना कृषि मोडेल फर्म स्थापना ( कोभिड-१९ का कारण विदेशबाट स्वदेश फर्केका युवाहरुका लागि लक्षित कार्यक्रम )

**३. निर्देशक समिति** : १) कार्यक्रम संचालनको लागि नीतिगत ब्यबस्था तथा समस्या समाधानको सम्बन्धमा आबस्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) हुप्सेकोट गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख)हुप्सेकोट गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिब |

२) निर्देशक समितिले आबस्यकता अनुसार बढीमा २ जना बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**४. कार्यक्रम ब्यबस्थापन समिति**

१.कार्यक्रम संचालनको लागि देहाय बमोजिमको कार्यक्रम ब्यबस्थापन समिति रहनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृत संयोजक

ख. लेखा अधिकृत सदस्य

ग.सम्बन्धित कार्यक्रम संचालन गर्ने शाखा प्रमुख सदस्य सचिब

२.कार्यक्रम ब्यबस्थापन समितिले आबश्यकता अनुसार बढीमा ३ जना बिज्ञ,बिशेषेज्ञ वा प्राबिधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**५.कार्यक्रम ब्यबस्थापन समितिको काम र कर्तब्य** :

कार्यक्रम ब्यबस्थापन समितिको काम, कर्तब्यर अधिकार देहाय बमोजिम हुनेछ ।

क.कार्यक्रम संचालनको लागि सूचना द्वारा प्रस्ताब आव्हान गर्ने ।

ख. यस समितिले कार्यक्रम संचालनका लागि कागजात छानबिन,स्थलगत अनुगमन, निरीक्षण र मुल्यांकन गरि सिफारिस गर्न अनुगमन मुल्यांकन तथा सिफारिस समिति गठन गर्न सक्नेछ ।

ग. दफा ५(ख) बमोजिम गठित समितिले प्राप्त प्रस्ताबहरुको प्राबिधिक मूल्यांकन उप समिति गठन गरि प्रारम्भिक अनुगमन मुल्यांकन गर्ने गराउने ।

घ.कार्यक्रम संचालनका लागि अनुदान रकम स्वीकृत गर्ने ।

ङ. छनोट भएका प्रस्तापक संग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने ।

च.प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने ।

छ.प्रस्तापकबाट प्रात बिल भर्पाइको आधारमा प्राबिधिक मूल्यांकन उपसमितिबाट अन्तिम अनुगमन गराई सो को सिफारिसको आधारमा अनुदान रकम भुक्तानी दिने ब्यबस्था मिलाउने ।

**६. कार्यक्रम कार्यान्वयन प्रक्रिया**

१.यो कार्यविधि हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई प्रमाणीकरण भए पछी यो कार्यक्रम कार्यान्वयन गरिने छ ।

२.यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्ने अनुदान ग्राहिले अनुसूची- ५ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**७)कार्यक्रम अनुगमनः** यस कार्यक्रमको अनुगमन हुप्सेकोट गाउँपालिकाका निर्वाचित पदाधिकारीज्युहरु,निर्देशक समिति,कार्यक्रम ब्यबस्थापन समिति र सम्बन्धित कृषि/पशु सेवा शाखाका प्राबिधिकहरुबाट गरिनेछ ।

**८.कार्यक्रम संचालन हुने कार्यक्षेत्र-** यस गाउँपालिकाको सम्पूर्ण वडाहरुमा यस कार्यक्रम संचालन गरिनेछ ।

**९. कार्यक्रम संचालन प्रक्रिया**

हुप्सेकोट गाउँपालिका

१)यस कार्यक्रम हुप्सेकोट गाउँपालिका कृषि शाखा मार्फत संचालन गरिनेछ ।

२)यस कार्यालयले अनुसूची १ बमोजिमको सुचना आबस्यकता अनुसार वेबसाइटमा राखे,सुचनापाटिमा टाँस गर्ने वा प्रकाशन गरि अनुसूची २,३ र ४ बमोजिमको निबेदन र प्रस्ताब मांग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक /उधमीहरु छनोट गरि कार्यक्रम संचलन गर्नेछ ।

३) आफ्नै वा अरुको जग्गा भाडामा लिई खेति गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई समाबेश गरिनेछ ।

४) विदेशबाट फर्केका इच्छुक युवाहरुले हुप्सेकोट गाउँपालिका कार्यालयमा तोकिएको ढाँचामा मागिएका कागजात सहित निबेदन र प्रस्ताब पेश गर्न सक्ने छन् ।

**१०.कार्यक्रम खर्च मापदण्ड-** कार्यक्रम खर्च मापदण्ड देहायबमोजिम हुनेछः

क) कार्यक्रममा सहभागी हुने कृषकहरुले ब्याबसायिक खाध्यान्नबालि,तरकारी खेति,फलफुल खेति मसला बाली, पुष्पखेती,मौरीपालन,च्याउखेतिका लागि आवश्यक पर्ने बिउ,मल,श्रम,बिषादी स-साना कृषि औजार,बालि संरक्षण सामाग्री,स्प्रेयर,सिंचाई को लागि आवश्यक सामाग्रीहरु खरिद गर्नका साथै प्लास्टिक घर निर्माण, मौरीघार,गोला खरिद च्याउघर निर्माण र खनजोतमा खर्च गर्न सक्नेछन् ।

ख)परिच्छेद २ को २ (क) अनुसारको कार्यक्रममा समाबेस हुनेले न्युनतम ३.६६ रोपनी वा ५ कट्ठामा खेति गर्नुपर्नेछ ।

ग) मौरीपालनको हकमा कम्तिमा १० घारगोला ,च्याउ खेतिको हकमा कम्तिमा १०*१४ फिट का २ वटा टहरामा खेतीको लागि प्रस्ताब पेश गर्नुपर्ने छ ।

घ) परिच्छेद २ को २ (क) अनुसारको कार्यक्रममा समाबेस हुनेले गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने अनुदान सहयोग रकम प्रति कट्ठा रु ६,०००।-का दरले वा खरिद बिलको बढीमा ६०% सम्म वा बढीमा रु ५०,०००।-सम्म अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

**११.भुक्तानी प्रक्रियाः** १.कार्यक्रम सम्पन्न भए पछि कार्यालयको तर्फबाट कार्यक्रममा आवश्यक पर्ने खनजोत,बिउ,मल,बिषादी,श्रम,स-साना कृषि औजार,बालि संरक्षण सामाग्री र स्प्रेयर,सिंचाईको लागि आवश्यक सामाग्रीहरु, प्लास्टिक घर,मौरी गोला च्याउ घर र गोला खरिदका बिलहरु पेश भएपछि अनुदान रकम उपलब्ध गराइने छ ।

२.कार्यक्रम ब्यावस्थापन समितिले अनुगमन पश्चात अनुगमन प्रतिबेदनको आधारमा भुक्तानी को लागि सिफारिस गर्ने छ ।

## अनुसूची १

प.सं.मितिः
च.न.

सूचना! सूचना!! सूचना!!!

**बिषयः- प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस हुप्सेकोट गाउँपालिका कार्यालयको आ.ब.२०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम नं........ साना कृषि मोडेल फार्म स्थापना (कोविड-१९ का कारण विदेशबाट स्वदेश फर्केका युबहरुका लागी लक्षित कार्यक्रम ) कार्यक्रम यस हुप्सेकोट गाउँपालिका भित्र रहेका सम्पूर्ण युबाहरुलाई निम्न कागजात सहित प्रस्ताव पेश गर्न यो सुचना प्रकाशन गरिएको छ । मिति ...................... गते कार्यालय समय भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- रु १०/- को टिकेट टाँस गरि तोकिए बमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना ।
- संस्थाको दर्ता/ नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- PAN/VAT दर्ताप्रमाण-पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.ब.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- समुह/सहकारीको हकमा संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि तथा अघिल्लो आ.ब.को अडिट रिपोर्टको प्रतिलिपि ।
- अघिल्लो दुई आ.ब.मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र ।
- स्थानीय तह वा वडा कार्यालयको कार्यक्रममा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखिएको सिफारिश पत्र ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लाल पुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचाल नगर्ने हकमा न्यूनतम १० बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।
- कोविड-१९का कारण विदेशबाट फर्केकोकुनै प्रकारको प्रमाणको प्रतिलिपि ।

**अनुसूची-२**

**साना कृषि मोडेल फार्म स्थापना तथा बिस्तार कार्यक्रमका लागि निबेदन**

मिति :-

श्री हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय झ्यालबास ।

**बिषयः-अनुदान उपलब्ध गराई दिने संबन्धमा।**

प्रस्तुत बिषयमा ताहा कार्यालयबाट मिति ......................................... मा प्रकाशित सुचना अनुसार यस निबेदन फाराममा हस्ताक्षर भएको म गण्डकी प्रदेश नवलपरासी ब.सु.पुर्ब जिल्ला हुप्सेकोट गाउँपालिका वडा न. ...... मा अबस्थित .................................. मा साना ब्यावसायिक कृषि फार्म स्थापना तथा बिस्तार कार्यक्रम मार्फत अनुदान सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । आबश्यक कागजात यसै साथ संलग्न राखी पेश गरेको छु ।

निबेदक
हस्ताक्षरः-
नाम :-
ठेगानाः-
सम्पर्क न.:-
संस्थाको छाप :-
मिति :-

**पेश गरेका कागजातहरुः-**

हुप्सेकोट गाउँपालिका

- रु १०/- को टिकेट टाँस गरि तोकिएबमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना ।
- संस्थाको दर्ता / नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- PAN/VATदर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.ब.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- समुह/सहकारीको हकमा संस्था संचालाक समितिको बैठक निर्णयको प्रतिलिपि तथा अघिल्लो आ.ब.को अडिट रिपोर्टको प्रतिलिपि ।
- अघिल्लो दुई आ.ब.मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र ।
- स्थानीय तह वा वडा कार्यालयको कार्यक्रममा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखिएको सिफारिश पत्र ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम ५ बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।
- कोविड-१९ का कारण विदेशबाट फर्केको कुनै प्रकारको प्रमाणको प्रतिलिपि ।

**<u>अनुसूचि-३</u>**

**<u>प्रस्तावना</u>**

क. आवेदक को संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नाम : | |
| ठेगानाः | |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | |
| प्रोपराइटर/अध्यक्षको नाम र सम्पर्क न.: | |
| सम्पर्क व्यक्तिको नाम र सम्पर्क न.: | |
| कार्यक्रम संचालन गरिने कृषक घर धुरी शंख्या : | |

ख.संबन्धित खेति /ब्यबसाय सम्बन्धि विवरण

संबन्धित खेति /ब्यबसायको नामः-

| क्र.स. | हाल खेति गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल/आकार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग.कुल अनुमानित उत्पादनः

घ.कुल रोजगारी सृजनाः

ङ.संचालन हुने क्रियाकलापहरुः

१.लागत साझेदारीमा संचालन हुने (कम्तिमा ५.० कट्ठामा )

लमही नगरपालिका

| क्र.स. | क्रियाकलाप विवरण | इकाई | परिमाण | दर रु | जम्मा लागत रु | कार्यालयको अनुदान रु | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२.आफनै लगानीमा संचालन हुनेः

| क्र.स. | क्रियाकलाप विवरण | इकाई | परिमाण | दर रु | जम्मा लागत रु | कार्यालयको अनुदान रु | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

च.मांग गरेको जम्मा अनुदान रकमः

छ.अन्य ब्याबसायिक योजनाः

- नविनतम सोच (खेती/ ब्याबसाय सम्बन्धित कुनै नया सोच/प्रबिधी अपनाउने भए उल्लेख गर्नुहोस)
- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ ?

ज.अन्य बिषय केहि भए उल्लेख गर्नुहोसः

हुप्सेकोट गाउँपालिका

**अनुसूची-४**

**स्वघोषणा-पत्र**

प्रस्तुत बिषयमा नवलपरासी ब.सु.पुर्ब जिल्ला हुप्सेकोट गाउँपालिका वडा न. ............ मा संचालित ........................................... कृषि फार्म /समुह/सहकारी/कम्पनि अघिल्लो दुई आ.ब.मा देहाय अनुसा अनुदान प्राप्त गरेको /नगरेको व्यहोरा साँचो हो,झुट्टा ठहरिएमा कानुन अमोजिम संहुला बुझाउला ।

| क. स. | आ.ब. | अनुदान उपलब्ध गराउने संस्था | अनुदान रकम रु | कामको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

घोषणाकर्ता
हस्ताक्षरः-
नाम :-
ठेगानाः-
सम्पर्क न.:-
संस्थाको छाप :-
मिति :-

**अनुसूची-५**

**हुप्सेकोट गाउँपालिका कार्यालय झ्यालबास नवलपारासी ब.सु.पुर्ब.र श्री ...........................................हुप्सेकोट गाउँपालिका वडा नं..... का बीच साना कृषि मोडेल फार्म स्थापना(कोभिड-१९ का प्रभावबाट स्वदेश फर्केका युवाहरुका लागि लक्षित कार्यक्रम) संचालन गर्न भएको द्विपक्षीय**

**समझौता- पत्र**

हुप्सेकोट गाउँपालिका कार्यालय नवलपरासी ब.सु.पुर्ब.( जसलाई यस पछी पहिलो पक्ष भनिने) र हुप्सेकोट गाउँपालिका वडा नं...........का श्री/सुश्री/श्रीमती ............. .............(यस पछी दोश्रो पक्ष भनिने),बीचहुप्सेकोट गाउँपालिका कृषि शाखा मार्फत संचालन गरिने आ.ब................ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार साना कृषि मोडेल फार्म स्थापना(कोभिड-१९ को प्रभाबबाट स्वदेश फर्केका युवाहरुका लागि लक्षितकार्यक्रम) संचालन गरि सम्पन्न गर्नतपशिल बमोजिमका सर्तहरु पालना गर्न गराउन दुवै पक्ष बीच सहमति भएकोले यो सम्झौता गरि दियौ/लियौ ।

**सर्तहरु**

१.दोश्रो पक्षले सम्झौता भएको लगतै काम सुरु गर्नु पर्ने छ ।

२.दोश्रो पक्षले पेश गरेको स्किम बमोजिमको बालि र क्षेत्रफल अनुसार बालि लगाउनु पर्नेछ ।

३.दोश्रो पक्षले स्वीकृत कार्ययोजना अनुसार ..... क्षेत्रफलमा.............बालि लगाउनु पर्नेछ ।

४.यस आ.ब. ............... मा अनुदान ग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार दोश्रो पक्षले पेश गरेको बिल भरपाई अनुसार बढीमा

हुप्सेकोट गाउँपालिका

.....% रकम वा प्रति कट्टा रु .............. वा बढीमा रु ................ सम्म रकम आवश्यक उत्पादन सामाग्री लगायतका अन्य खर्चका लागि उपलब्ध गराउने छ ।

५.प्रथम पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गरिदिने छ । तोकिए अनुसारको बालि, परिमाण वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।

६. स्वीकृत कार्ययोजना बमोजिम सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

७.दोश्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउन पर्ने छ ।

८.प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

९.दोश्रो पक्षले आगामी बर्ष पनि ब्याबसायिक खेति गर्नुपर्ने छ ।प्रथम पक्षले यसको अनुगमन गर्ने छ,यस बापद प्रथम पक्षले कुनै पनि आर्थिक अनुदान सहयोग गर्ने छैन ।

१०.प्रथम पक्षले सुरुमा कार्यक्रम संचालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरि कार्यविधिमा तोकिए बमोजिमका निबेदन,सक्कल बिल,भरपाई लगायत का कागजात पेश गरे पश्चात अनुगमन गरि प्रतिबेदनका आधारमा दोश्रो पक्षलाई एसिपेई चेक मार्फत रकम भुक्तानी दिइनेछ ।

११.प्रथम पक्षले गर्ने भुक्तानी रकममा नियमानुसार लाग्ने कन्टेन्जेन्सी रकम,मूल्य अभिवृद्धि कर र अग्रिम कर लगायत ऐन ,नियम अनुसार कट्टी गरिने रकम कट्टी गरि बाँकी रकम भुक्तानी दिईने छ ।

१२.कार्यक्रम संचालनको क्रममा आउन सक्ने दुबिधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३.सम्झौतामा उल्लेख हुन छुटेका बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

दोश्रो पक्षको तर्फ बाट

प्रथम पक्षको तर्फ बाट

हस्ताक्षरः

हस्ताक्षरः

नामः

नामः

ठेगानाः

पदः

**कार्यालयको छापः**

साक्षि

साक्षि

हस्ताक्षरः

हस्ताक्षरः

नामः

नामः

संस्थाको नामः

पदः

पद :

**इति सम्बत............. साल ..........महिना ........गते रोज............ शुभम ।**

हुप्सेकोट गाउँपालिका

## अनुसूची -६

## कार्यक्रम संचालन गरिने बालि विवरण

१.० खाद्यान्न बालि ( धानखेती,गहुँखेति,मकैखेती,कोदोखेती,फाफरखेति,उवा,जौ,कागुनो,घैया )।

२.० तेलहन बालि (तोरी,तिल,राई,सर्सयुं,बदाम,सूर्यमुखी)।

३.० दलहन बालि (केराउबोडी,सिमि,राजमा,मास,मस्यांग,मुसुरो,मुंग,अरहर,भट्ट) ।

४ .० तरकारी बालि ( सबै प्रकारका तरकारीहरु) ।

५.० मसला बालि ( अदुवा,बेसार,धनिया,जिरा,प्याज,लसुन,)।

६.० फलफुल खेति ( आँप,लिची,केरा,अम्बा,कटहर,सुन्तला,कागती,भूँईकटहर,नासपाती,आरु,आरुबखडा,नारियल,सुपारी)।

७.० मत्स्यपालन ।

८.० मौरीपालन ( कम्तिमा १०.० मौरी घार गोला हुनुपर्ने)।

९.० कुरिलोखेती ।

१०.० च्याउखेती (१०×१४ फिटका ३ वटा च्याउ टहरा) ।

११.० अन्य कृषि संग सम्बन्धित क्षेत्रहरु ( बालिसंग सम्बन्धित) ।

हुप्सेकोट गाउँपालिका

## अनुसूची-७

साना कृषि मोडेल फर्म (कोविड-१९ बाट प्रभावित) आबेदन कर्ताको प्रारम्भिक अनुगमन मुल्यांकन फारम ।

| क्र. स. | आबेदको नाम | समुहको नाम | ठेगाना | जग्गा (८ -१५) | | सिंचाई सुबिधा (१५-२० | जनशक्ति (१०-१५ . | तालिम (७-१०) | विदेश बाट फर्केको १० | स्किमको आकार ५-१० कट्ठा (अंक ५-१० ) | हालको अबस्था १०) | ब्यबसाय प्रतिको प्रतिबद्धता (७-१०) | जम्म्मा अंक (६ १००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | करार | आफ्नै | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

दस्तखत :

अनुगमन गर्नेको नामः

पद :

ठेगाना :

## अनुसूची-८

**साना कृषि मोडेल फार्म स्थापनामा (कोभिड-१९ का कारण स्वदेश फर्केका युबा लक्षित )सहभागी भएका युवाहरु द्वारा गरिएको ब्याबसायिक तरकारीखेती र मकैखेतीको अन्तिम मुल्यांकन ।**

| क्र. स. | सहभागी नाम | ठेगाना | बाली | क्षेत्रफल कठ्ठा | लगाईएको मिति | हालको अबस्था | उत्पादनको स्थिति | | | बिक्री मे. टन. | मुल्यांकन स्तरीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बाली | क्षेत्रफल | उत्पादन मे.टन | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुगमन गर्नेको दस्तखतः-

नाम :-

पदः-

ठेगानाः-

**कार्यपालिकाबाट पारितः २०७७/०८/१९**

**प्रमाणीकरण मितिः२०७७/०८/२८**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०८/२९**

**आज्ञाले,**
**कृष्ण सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका